जोरायल गाउँपालिका
गाउँपालिकाको कार्यालय
रावतकोट, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

# सामाजिक परीक्षण प्रतिवेदन

## १. पृष्ठभूमि

'सामाजिक परीक्षण' भनेको कुनै पनि संस्थाको सामाजिक कार्य सम्पादनको परीक्षण गर्ने कार्य हो, जसमा सरोकारवालाले सामाजिक कार्य सम्पादनका लागि भविष्यमा गर्न सकिने सुधारको आशा राख्दछन् । स्थानीय तहहरूले एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्मेवारी पुरा गरे/नगरेको बारे लेखाजोखा गर्ने कार्य नै सम्बन्धित स्थानीय तहको सो आर्थिक वर्षको सामाजिक परीक्षण हो । आर्थिक लेखापरीक्षण र सामाजिक परीक्षण बीच केही समानताहरू छन् । यी दुवैमा अभिलेख र प्रक्रियाको जाँच र त्यसको सारांश र प्रतिवेदन तयारी गरिन्छ । तर तात्विक फरक के हो भने सामाजिक परीक्षणमा व्यवस्थापन, बोर्ड सदस्य, कर्मचारी, सेवाग्राही, समुदाय, नीति निर्माता सबैलाई संस्थाको सामाजिक कार्य सम्पादनको लेखाजोखाको अवसरमा सहभागी गराइन्छ, भने आर्थिक लेखा परीक्षणमा लेखापरीक्षकले आफ्नो राय मात्र उल्लेख गर्दछन् ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) स्थानीय तहहरुले सामाजिक परीक्षण गर्नुपर्ने भन्ने व्यवस्था गरेको छ । यस्तै जोरायल गाउँपालिकाले निर्माण गरेको सामाजिक परीक्षण कार्यविधि, २०७८ ले आर्थिक वर्ष सम्पन्न भएको पहिलो चार महिनाभित्र सामाजिक परीक्षण गरिसक्नु पर्ने व्यवस्था गरेको छ । उक्त कार्यविधि अनुसार सामाजिक परीक्षणका लागि विज्ञको समूहलाई सामाजिक परीक्षकको रूपमा सेवा करारमा लिनु पर्दछ । साथै, निर्धारित योग्यता भएको विज्ञ उपलब्ध भएको कुनै परामर्शदाता संस्था, कम्पनी वा फर्मलाई समेत सामाजिक परीक्षकको रूपमा सेवा करारमा लिन सकिन्छ । सामाजिक परीक्षण कार्यको सहयोग तथा समन्वयका लागि स्थानीय निकायले एक समन्वय समितिको गठन समेत गर्न सक्दछ । तर, समन्वय समितिको गठन बाध्यात्मक भने छैन ।

सामाजिक जिम्मेवारी पूरा गरे/नगरेको सम्बन्धमा अनुसन्धानात्मक ढंगबाट अध्ययन तथा विश्लेषण गरेपश्चात् सम्पूर्ण सरोकारवाला सहितको समावेशी उपस्थितिमा प्रारम्भिक प्रतिवेदन प्रस्तुत गर्नुपर्दछ । छलफलमा उठेका सवाल र जवाफलाई समेटी अन्तिम प्रतिवेदन तयार गरिन्छ । यसलाई स्थानीय तहको योजना तर्जुमाका विभिन्न चरणमा, सामाजिक तथा जनसंख्या समिति र परिषद्मा पेश गर्नुपर्ने प्रावधान रहेको छ । यसरी स्थानीय तहबाट भएका कामहरूले सामाजिक उपलब्धि के कति हासिल भए सोको विश्लेषणबाट प्रभावसम्म आँकलन गर्न सामाजिक परीक्षण विधि निकै प्रभावकारी देखिन्छ । सामाजिक परीक्षणको सैद्धान्तिक पक्षको अनुसरण, सामाजिक परीक्षण कार्यविधिको महत्वपूर्ण पाटो भएकाले यसको सफल कार्यान्वयनबाट आफ्नो सामाजिक विकासको उत्तरदायित्व पूरा गर्न स्थानीय तहलाई ठूलो टेवा पुग्ने गर्दछ । यसैको आधारमा भविश्यको रणनीति तथा योजना तयार गर्ने कार्यका लागि यसका निष्कर्षहरूले सघाउँछन् । सामाजिक परीक्षण कार्यविधि, २०७८ को अधिनमा रही जोरायल गाउँपालिकाले विधिवत् रुपमा सामाजिक परीक्षण कार्य गर्ने अभ्यास अन्तरगत आर्थिक वर्ष २०७९/०८० को सामाजिक परीक्षण गरेको छ ।

Nalal Media Pvt. Ltd.
Dipayal Silgadhi, Doti

Scanned with CamScanner
CamScanner

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

२. उद्देश्य : मुख्यतया सामाजिक परीक्षण गर्नका निम्न उद्धेश्यहरु रहेका छन :

- गाउँपालिकाले एक वर्षसम्म गरेका क्रियाकलापहरुमा सरोकारवालाहरुको बृहत छलफल गर्ने ।
- स्रोतको समानुपातिक वितरण र सहयोग गर्ने प्रक्रियाका सबै क्रियाकलापहरुलाई पारदर्शी बनाउने ।
- आगामी दिनका लागि सरोकारवालाहरुसँग सुझावहरु संकलन गर्ने ।
- गाउँपालिकालाई पारदर्शी, जवाफदेही र उत्तरदायी बनाउने ।
- गाउँपालिकाको न्युनतम् शर्त तथा कार्यसम्पादन मापनमा उत्तीर्ण हुन सहयोग पुऱ्याउने ।

३. सामाजिक परीक्षण प्रक्रिया

१ सन्दर्भ सामग्री समीक्षा र अध्ययन

- स्थानीय तह सम्वन्धी ऐन, नियम, कार्यविधिहरू र निर्देशिकाहरू
- स्थानीय तहको सामाजिक जिम्मेवारी, लक्ष्य, उद्देश्य
- वार्षिक नीति तथा कार्यक्रम र बजेट
- सामाजिक उपलब्धि, कार्य सम्पादन, परिणाम र प्रभाव सम्वन्धी अभिलेख तथा सूचना
- नागरिक बडापत्र
- वार्षिक प्रतिवेदन
- गाउँपालिकाका अन्य अभिलेखहरु र प्रकाशनहरू

२ अन्तरवार्ता र समूह छलफल

- जनप्रतिनिधिहरु, शाखा प्रमुखसँग अर्धसंरचित (Semi-structured) अन्तरवार्ता गरिएको थियो । प्रमुख समस्या, चुनौती तिनीहरूको सम्पादनको अवस्था र भावी कार्यदिशाका बारेमा अध्ययन ।

३ प्रारम्भिक प्रतिवेदन प्रस्तुति तथा छलफल

- गाउँपालिकाको सामाजिक परीक्षण कार्यविधि, २०७८ को अनुसूची २ मा उल्लिखित ढाँचामा आधारित प्रारम्भिक प्रतिवेदन देहाय अनुसारका शीर्षकमा केन्द्रीकृत रही छलफलका लागि प्रस्तुत गरिएको थियो ।
- गत सामाजिक परीक्षणका निष्कर्षहरू
- गत सामाजिक परीक्षणले औंल्याएका सवालहरू
- सुझावहरू संकलन

४. सामाजिक परीक्षणको सिमा :

जोरायल गाउँपालिकाको सामाजिक परीक्षण भएता पनि गाउँपालिकाभित्र क्रियाशील र गाउँपालिकाको विकासमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा योगदान दिने केही सरकारी तथा गैह्रसरकारी संस्थाहरूबाट भएका प्रयास तथा उपलब्धीलाई समेत यस अध्ययनमा समावेश गर्ने प्रयास भएको छ । छोटो समयावधी र सिमित स्रोतको परिधिभित्र रहेर कार्य सम्पन्न गर्नुपर्ने भएकाले यस किसिमका सम्पूर्ण संस्थाहरूलाई भने समावेश गर्न सकिएको छैन । साथै, अधिकांश सूचनाहरू

Scanned with CamScanner

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

द्वितीय श्रोतबाट संकलन भएका र प्राथमिक श्रोतबाट प्राप्त सूचनाहरू सूचनादाताको मौलिक विचारबाट पनि प्रभावित भएका हुन सक्दछन् ।

५. कार्यशालाको विस्तृत विवरण

५.१ प्रारम्भिक प्रतिवेदन प्रस्तुतिको तयारी

सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुतिको कार्यक्रममा उपस्थित भई अन्तरक्रियामा सहभागी हुन गाउँपालिकाका प्रमुख सरोकारवालाहरू तथा उपभोक्ताका प्रतिनिधिहरू (जनप्रतिनिधि, कर्मचारी, नागरिक समाज, पिछडिएका वर्ग, सञ्चारकर्मीहरु, महिला प्रतिनिधि, स्थानीय गैसस, सामुदायिक संस्थाहरूलाई पत्र तथा टेलिफोनमार्फत् आमन्त्रण गरिएको थियो ।

५.२ प्रारम्भिक प्रतिवेदन प्रस्तुति तथा छलफल

क) मिति : २०८० फागुन ३० गते

ख) स्थान : जोरायल गाउँपालिकाको कार्यालय, डोटी

ग) समय : १२.३० देखि ३:३० बजेसम्म

घ) उपस्थिति : ७९ जना

५.४ कार्यशालाको विस्तृत विवरण

कार्यक्रम सञ्चालक : झलक पाली (सामाजिक परीक्षक)

सभाध्यक्ष : दुर्गादत्त ओझा (गाउँपालिका अध्यक्ष)

सहभागिहरु

: जमुना बोहरा (गाउँपालिका उपाध्यक्ष)
: गणेशदत्त भट्ट (प्रमुख प्रशासकीय अधिकृत)
: जगत बहादुर मल्ल (वडा अध्यक्ष, वडा नं. १)
: विर बहादुर दर्लामी (वडा अध्यक्ष, वडा नं. २)
: नविन ओझा (वडा अध्यक्ष, वडा नं. ३)
: नन्दराज भट्ट (वडा अध्यक्ष, वडा नं. ४)
: ध्वज बहादुर देउवा (वडा अध्यक्ष, वडा नं. ५)
: गणेश बोहरा (वडा अध्यक्ष, वडा नं. ६)
: कार्यपालिका सदस्यहरु
: वडा सदस्यहरु
: विषयगत शाखा प्रमुख तथा प्रतिनिधिहरु
: गैससका प्रतिनिधिहरु
: सेवाग्राहीका प्रतिनिधिहरु
: सञ्चारकर्मीहरु

Nalar Media Pvt. Ltd.

Scanned with CamScanner

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

सामाजिक परीक्षणको प्रारम्भिक प्रतिवेदन प्रस्तुत : रामहरी ओझा (सामाजिक परीक्षक)

खुला छलफलमा बुँदा टिपोट : कर्ण बहादुर चन्द र शिव बहादुर ओली (सामाजिक परीक्षक)

धन्यवाद ज्ञापन तथा समापन मन्तव्य : जोरायल गाउँपालिकाका अध्यक्ष दुर्गादत्त ओझाद्वारा आएका सुझावहरु कार्यान्वयन गर्ने प्रतिवद्धता सहित कार्यक्रम समापन भएको जानकारी ।

**यस वर्षका राम्रा अभ्यासहरु**

- युवाहरुलाई उद्यमशिलता र व्यवसायिक बनाउनका लागि आर्थिक रुपमा विपन्न युवा, दलित, महिला छनौट गरी युवा प्रोत्साहन कार्यक्रम सञ्चालन
- वादी समुदायलाई जग्गा लिजमा (भाडामा) लिई आय आर्जनमा सहयोग
- अडियो भिडियो-श्रव्य/दृश्य) सामग्री LED बाट स्वास्थ्य शिक्षा दिन प्रत्येक संस्थामा ४४/४५ ईन्चको LED वितरण
- २०० माटोको नमूना संकलन गरि माटो परिक्षण गरि माटो परीक्षण प्रतिवेदन बारे सम्वन्धित कृषकहरुलाई जानकारी
- जोरायल गा.पा. १ गैरा डोटीमा फिल्ड जिन बैङ्क स्थापनाको लागि भवन निर्माण गरी सञ्चालन
- कृषि तथा पशपंक्षी बिमा कार्यक्रम सञ्चालन
- ४०० विपन्न तथा गरिब घरपरीवारलाई स्वच्छ खानेपानीका लागि फिल्टर वितरण

६. गाउँपालिकाका आ.व. ०७९/०८० का मुख्य मुख्य उपलब्धीहरु

- न्यायिक समितिमा आवश्यक पुस्तिकाको व्यवस्थापन भएको छ ।
- समयमै गुनासो व्यवस्थापन हुने गरेको छ ।
- विद्यालयहरुमा दरबन्दी मिलान तथा पुनर्वितरणको कार्य हुने गरेको छ ।
- पालिकासँग सम्वन्धित तथ्याङ्कहरु नियमित रुपमा विद्युतिय माध्यमवाट अद्यावधिक हुने गरेको छ ।
- जोरायल गाउँपालिकाका ३ वडामा ट्राउट माछाका भुरा विवरण गरिएको छ ।
- बर्थिङ सेन्टरमा आवश्यक सामाग्री उपलब्ध गराएको छ ।
- ६ वटै वडामा ध्यान सेवा सञ्चालन गरिएको छ ।
- सामुदायिक स्वास्थ्य स्वयमसेविकाहरुलाई ७९ वटा स्ट्रेचर वितरण गरिएको छ ।
- लघुउद्यम विकास कार्यक्रम अन्तरगत जोरायल गाउँपालिका वडा नं. ३, ४, ६ मा अचार उद्योग सम्वन्धी कार्यक्रममा ६५ जना महिलालाई सहभागी गराईएको छ ।

७. गाउँपालिकाले भोगेका प्रमुख समस्याहरु :

- इन्टरनेट सेवा नियमित नहुदा सेवा प्रवाहमा समस्या ।
- प्रशासन सेवा समुहमा कर्मचारीहरु दरबन्दी अनुसार पदपुर्ति नहुँदा सेवा प्रवाहमा समस्या ।
- समानीकरण अनुदान कटौती हुँदा निर्माण सम्पन्न भएको केही योजनाहरुको भुक्तानी दिन नसकिएको ।

Naya Media Pvt. Ltd.

Scanned with CamScanner

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

- प्रस्तावित राजस्व बाँडफाडबाट प्राप्त हुने बजेट अनुमानित भन्दा कम प्राप्त हुने हुँदा चालु तथा पूजिगत खर्चमा व्यवस्थापन गर्न नसकिएको ।
- विद्यालयको भौतिक संरचनाको मर्मत र निर्माणको अभाव ।
- दरवन्दी अनुसार शिक्षकको अभाव हुनु ।

धन्यवाद !

सामाजिक परीक्षकहरु
१. रामहरि ओझा
२. झलक पाली
३. कर्णवहादुर चन्द

सहजीकरण गर्ने संस्था

नजर मिडिया प्रा.लि. डोटी

मिति : २०८०/१२/१३ गते

Najar Media Pvt. Ltd. Dipayal Silgadhi, Doti

Scanned with CamScanner

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

## कार्यशाला गोष्ठीमा प्रस्तुत भएको समाजिक परीक्षकको प्रतिवेदन

### १. गाउँपालिकाको प्रारम्भिक जानकारी

#### क) संक्षिप्त परिचय

यस गाउँपालिका क्षेत्रको नाम "जोरायल" किन रहन गयो भन्ने विषयमा एकमत देखिदैन । तर महाभारतको कथा अनुसार भीमले जरासन्ध नामक राक्षकलाई दुई तिघ्रा समातेर बिचोबिच च्यातेर फाल्दा एक भाग यस क्षेत्रमा परेको हुँदा जरासन्धबाट 'जरालय' हुँदै 'जोरायल' भएको हो भन्ने धैरैको मत छ । कौरवहरुसंग जुवा हारेपछि १२ बर्षको बनबास र एक वर्षको गुप्तबासका क्रममा संयोगले एकदिन उनीहरू 'जोरायलको शिरस्थानस्थित चौडेथल महाभारत पर्वत' मा आइपुगे । चौडेथल जगत्तडी पर्वतको बसाइसितै एकदिन त्यहाँबाट तलतिर पर्ने 'जोरायल'को भौगोलिक दृश्य हेर्न जाँदा चौतर्फी प्राकृतिक सुन्दरताले ओतप्रोत भएको र बीचमा उपत्यका जस्तो परेको सम्म फाँटलाई जलमग्न अवस्थामा देखे । त्यो जलमग्नताको रहस्य बुझ्न समग्र भूगोल परीक्षण गर्दा त्यसको पुछारस्थान अर्थात् निकास मार्ग 'नङ्गेउठी' (बेत्थीखोला) भन्ने ठाउँमा वरपरबाट दुईवटा डाँडाहरू सतहदेखि आपसमा मिलेको र माथिको भाग एक आपसमा खुला रहँदा सतहबाट पानी जम्मा भएर त्यसको झण्डै १०० मिटर माथिबाट पानी उतातिर छहरा जस्तो भई बग्दा जलमग्नता रहेको देखे ।

उनीहरुले जोरायलको जल निकास गरेर त्यसलाई बस्ती योग्य बनाइदिने योजना सहित दुई डाँडाहरू जोडिएको ठाउँ 'नङ्गेउठीमा' जल निकासमार्ग बनाए । यसरी जोरायलको जल निकास भइसकेपछि विगतमा जलमग्न स्थानको भू-भाग कहाँ के-कस्तो रहेछ भनी माथि हेर्दै जाँदा हालको सिलङ्गीवाग भन्ने ठाउँमा एउटा अजङ्ग र अर्धअंग भएको जीव त्यहाँ लडिबुडी गरिरहेको अवस्थामा देखियो । 'मगध देशमा राक्षस जरासन्धसँग भगवान श्रीकृष्णको युद्ध हुँदा पाण्डव भ्राता भीमले भगवान कृष्णको संकेतमा दुई खुट्टा समाति च्यातेर अर्धअंग बनाई शरीरको एउटा आधा फक्लेटो आकास मार्ग तिर फाल्ने क्रममा कसरी-कसरी यहाँ आइपरेको प्रत्याभूति हुन पुग्यो किनभने मगध देशमा भएको 'जरासन्ध+कृष्ण' युद्धमा पाण्डव सखाहरू सहभागी थिए भन्ने कुरा श्रीमद्भावगत महापुराणको 'दशंम्-स्कन्ध'मा आख्यानात्मक वर्णन पाइन्छ ।

राक्षस जरासन्धले त्यहाँका राजा-महाराजादेखि सर्वसाधारण जन जीवनमाथि हिंसात्मक आतंक र उपद्रो मचाएका कारण युद्धमा यस्तो दुर्दशा गरिएको कुरा अवगत भएपछि उसको सचेतन शारीरिक अर्धांशले पुनः जोरायल क्षेत्रमा पनि त्यसै किसिमको पीड़ा-आतंक पार्ला भन्ने पाण्डवहरूले जरासन्धको बध गरे । त्यसैले यसको नाम जोरायल रहन गएको हो भन्ने जनश्रुति छ ।

यस्तै चारैतिर डाँडाकाँडा भएको र विचमा समथर जग्गा भएको र उक्त जग्गा जलासययुक्त अवस्थामा रहेकोले पहिलो 'जलासय' नाम रहेको र पछि जलासयबाट अपभ्रंश हुँदै जोरायल भएको भन्ने भनाई पनि छ । जल निकास भई बसोवास गर्न योग्य भएपछि उक्त स्थानमा विभिन्न ठाउँका व्यक्तिहरु बसोवास गर्न आएका कारण यसलाई "जोडीजाडी जोरायल" भन्ने गरेको पनि सुनिन्छ । एकथरीको बुझाईमा जोरायलको शीर्षस्थानमा 'ज्वालादेवी' (जरादेवी) विराजमान भएकीले सोही नामाक्षरको आधारमा 'जोरायल' भएको हो भन्ने छ । भू-बनोट अनुसार भित्री मधेश जस्तो ठाउँ हुँदा विगतमा यहाँ औलो ज्वरोको प्रकोप भइरहने हुँदा 'जोरायल' भएको हो भन्ने पनि छ ।

Naya Media Pvt. Ltd.

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

समग्रमा हेर्दा जरासन्ध नामको राक्षकको अंगको एक भाग जोरायलमा परेको र त्यो भागको बध गरिएको हुँदा नै यसलाई जोरायल भनिएको हो भन्ने तर्क नै बलियो देखिन्छ ।

स्थानीय तहको पुनर्संरचना गर्ने क्रममा यस क्षेत्रका ६ गाउँ विकास समितिहरु (छतिवन, घण्टेश्वर, सरस्वतीनगर, लक्ष्मिनगर, निरौली र गड्सेरा) मिलाएर यस गाउँपालिकाको स्थापना भएको हो । यस गाउँपालिकामा हाल ६ वडा रहेका छन् ।

ऐतिहासिक धार्मिक एवं पर्यटकीय क्षेत्र तेले लेगसंग जोडिएको यस गाउँपालिकामा विभिन्न प्रकारका संस्कृति र सम्पदाहरु रहेका छन् ।

**ख) सिमाना :**

पूर्व : बडीकेदार गाउँपालिका, डोटी
पश्चिम : डडेल्धुरा जिल्ला
उत्तर : शिखर नगरपालिका र डडेल्धुरा जिल्ला
दक्षिण : कैलाली जिल्ला

**ग) राजनैतिक एवम् प्रशासनिक विभाजन**

प्रदेश : सुदूरपश्चिम
जिल्ला : डोटी
गाउँपालिका : जोरायल
केन्द्र : वडा नं. ३, राउतकट्टे
गाउँपालिकाका वडा संख्या : ६

**घ) भौगोलिक स्थिति :**

समुद्री सतह देखिको उचाई : ११२६ मि.
आक्षांश : २९° ३२' ००"
देशान्तर : ८०°६८' ८९"
कुल क्षेत्रफल : ४१९.०९ वर्ग किलोमिटर

**ङ) स्थानीय बजार तथा व्यापारिक केन्द्र**

| वडा नं. | बजारको नाम |
|---|---|
| १ | गैरा, घोरडी, गोगनपानी, मणीपुर, खडिना, गोल्डेन |
| २. | बुडर, गरुड, रुपसकाँडा, बाभीलेक, भट्टीखोला, पत्तडा, छतिवन |
| ३. | राउतकट्टे, चनकटे, सेला |
| ४ | हाट, सिलङ्गीबाघ, खैरखोला, छेपन्ना, जिरो प्वाइन्ट |
| ५ | गड्सेरा, चौकी, खतेडा |
| ६ | खसरे, निरौली, कफल्टोली |

Nalal Media Pvt. Ltd

Scanned with CamScanner
CamScanner

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

च) जनसंख्या विवरण :

जम्मा जनसंख्या : १९७८८
महिला : १००७०
पुरुष : ९७१८
जनघनत्व : ४७
परिवार संख्या : ४३२०
लैङ्गिक अनुपात : ९६.५०
साक्षरता प्रतिशत : ७७.८ (महिला : ६८.९, पुरुष : ८७.१)*(स्रोत : जनगणना, २०७८)*

छ) भु-उपयोगको स्थिति

| सि.नं. | प्रकार | क्षेत्रफल (हेक्टरमा) |
|---|---|---|
| १ | सिचाइ हूने कृषियोग्य जमिन | ५१० |
| २ | कृषियोग्य बाँझो जमिन | ९०० |

*स्रोत : जोरायल गाउँपालिका, २०८०*

ज) गाउँपालिका भित्रका मुख्य कृषि उत्पादनहरु

| क्र स | बालिको नाम | क्षेत्रफल हे | उत्पादन दर मे. ट. | कुल उत्पादन मे. ट. | कैफियत |
|---|---|---|---|---|---|
| १ | मकै | ५०० | ४.५ | २२५० | |
| २ | धान | ५०० | ६.४ | ३२०० | |
| ३ | गहुँ | ४०० | ३.४ | १३६० | |
| ४ | जौ | १५० | ३.६ | ५४० | |
| ५ | कोदो | ५ | ३.५ | १७.५ | |
| ६ | तोरी | १५ | १.५ | २२.५ | |
| ७ | आलु | ७० | १३ | ९१० | |
| ८ | तरकारी | ५०० | ५ | २५०० | |
| ९ | फलफूल | ५०० | ६ | ३००० | |
| १० | दलहन बाली | ७०० | ४.५ | ३१५० | |
| ११ | मसला बाली | ६०० | १.३८ | ८२८ | |
| १२ | औधोगिक बाली | ५ | ३ | १५ | |
| | कूल जम्मा | | | १७७९३ | |

झ) सामाजिक सेवा तथा फोहर मैला व्यवस्थापन :

एम्बुलेन्स : १
सार्वजनिक शौचालय संख्या : ६

Najar Media Pvt. Ltd.

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

ज) सडक/यातायात

कालोपत्रे सडक (राजमार्ग) : ५० कि.मि

ग्राभेल सडक : ४०.७ कि.मि.

कच्ची सडक : ३३२.३४ कि.मि.

सडक पुगेका वडा : ६

स्रोत : जोरायल गाउँपालिका, २०८०

झ) शैक्षिक स्थिति

१. शैक्षिक संस्था संख्या

| क.स | शैक्षिक संस्थाविवरण | संख्या | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २०७८/०७९ | | | २०७९/०८० | | |
| | | सामुदायिक | संस्थागत | जम्मा | सामुदायिक | संस्थागत | जम्मा |
| १ | बालविकास केन्द्र | ६९ | ४ | ७३ | ६८ | ४ | ७२ |
| २ | आधारभूत विद्यालय | ५८ | ४ | ६२ | ५६ | ४ | ६० |
| ३ | माध्यमिक विद्यालय | ११ | ० | ११ | ११ | ० | ११ |
| ४ | प्राविधिक शिक्षालय | ३ | ० | ३ | २ | ० | २ |
| ५ | स्नातक/स्नातकोत्तर तह | २ | ० | २ | २ | ० | २ |

स्रोत : जोरायल गाउँपालिका, डोटी (२०८०)

२. विद्यार्थी संख्या

| क.स. | तह | विद्यार्थी संख्या | | |
|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा |
| १ | बालविकास केन्द्र | ५४४ | ५९४ | ११३८ |
| २. | आधारभूत तह (१-५) | ११६१ | १३७८ | २५३९ |
| ३ | आधारभूत तह (६-८) | ७७३ | ७३८ | १५११ |
| ४. | माध्यमिक तह (९-१०) | ४५८ | ३७२ | ८३० |
| ५ | माध्यमिक तह (११-१२) | १४९ | १७१ | ३२० |

स्रोत : जोरायल गाउँपालिका, २०८०

३. शिक्षक संख्या

| क.स. | तह | जम्मा दरवन्दी | | | | रिक्त | | |
|---|---|---|---|---|---|---|---|---|
| | | दरवन्दी | राहात | नीजिस्रोत | जम्मा | दरवन्दी | राहात | जम्मा |
| १ | बालविकास केन्द्र | ६८ | ० | ४ | ७२ | ० | ० | ० |
| २. | आधारभूत तह (१-५) | ९७ | ६१ | ३८ | १५६ | ० | ० | ० |
| ३ | आधारभूत तह (६-८) | २१ | १६ | २५ | ६२ | ० | ० | ० |
| ४. | माध्यमिक तह (९-१०) | १५ | १० | २१ | ४६ | ० | ० | ० |
| ५ | माध्यमिक तह (११-१२) | ८ | ८ | ४ | २० | ० | ० | ० |

स्रोत : जोरायल गाउँपालिका, २०८०)

Nalar Media Pvt. Ltd.

Scanned with CamScanner

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

ट) स्वास्थ्य सेवा

| क. सं. | विवरण | संख्या | |
|---|---|---|---|
| | | २०७८/०७९ | २०७९/०८० |
| १. | प्राथमिक स्वास्थ्य केन्द्र | १ | १ |
| २. | स्वास्थ्य चौकी | ५ | ५ |
| ३. | वर्थिङ्ग सेण्टर | ८ | ८ |
| ४. | आयुर्वेदिक औषधालय | १ | १ |
| ५. | खोप केन्द्र | २८ | २८ |
| ६. | महिला स्वास्थ्य स्वयंसेविका | ७९ | ७९ |
| ७. | सामुदायिक स्वास्थ्य इकाई | ११ | ११ |

स्रोत : *जोरायल गाउँपालिका, डोटी*

## २. गाउँपालिकाका प्राथमिकताका क्षेत्रहरु तथा उद्धेश्यहरू :

२.१ ध्यय : "उत्पादनशिलता र रोजगारी वृद्धि : समावेशी विकास"

२.२ उद्धेश्य :

(क) उपलब्ध प्राकृतिक स्रोत साधन, श्रम शक्ति, पुंजी र प्रविधिको एकिकृत परिचालनबाट रोजगारी सिर्जना र गरिबी निवारण गर्ने ।

(ख) वित्तीय अनुशासन कायम गर्ने ।

(ग) आर्थिक तथा सामाजिक रुपान्तारणमार्फत सन्तुलित, समावेशी, आत्मनिर्भर एवं समाजवाद उन्मुख अर्थतन्त्रको आधार निर्माणमा योगदान पुऱ्याउने ।

२.३ गाउँपालिकाले बजेट तथा कार्यक्रम तर्जुमा गर्दा लिईएका नीतिगत आधारहरु

- नेपालको संविधानको अनुसूचि ८ र ९ ले निर्दिष्ट गरेका स्थानीय तहको एकल तथा साझा अधिकारहरु, मौलिक हकहरु, राज्यको निर्देशक सिद्धान्त र नीतिहरु,
- संघीय सरकारले अंगिकार गरेको पन्ध्रौं आवधिक योजना (२०७६/०७७-२०८०/०८१ ले निर्धारण गरेको लक्ष्य, नीति तथा प्रथमिकताहरु
- संघीय सरकारले अंगिकार गरेका आर्थिक तथा वित्तीय नीतिहरु
- संघीय सरकार एवं प्रादेशिक सरकारबाट प्राप्त बजेट सिलिङ्ग र सोको साथमा प्राप्त बजेट तर्जुमा गर्दा लिनुपर्ने आधारहरु
- सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत प्राप्त सुझावहरु
- राजस्व परामर्श समितिको प्रतिवेदन
- गाउँकार्यपालिकाले योजना तर्जुमाका लागि निर्णय गरी तोकेका आधारहरु
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८

Scanned with CamScanner

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

- गाउँपालिकाको पार्श्वचित्र,
- गाउँपालिकाको आवधिक योजना
- संघीय र प्रदेश सरकारबाट समपुरक अनुदानको लागि आवश्यक पर्ने लागत साझेदारी रकम

२.४ गाउँपालिकाको प्राथमिकता क्षेत्र

- कृषि क्षेत्रको रुपान्तरण
- गाउँपालिका, नीजि र सहकारी क्षेत्रको सहकार्यमा उत्पादन र उत्पादत्व वृद्धि, रोजगारी सिर्जना र गरिबी निवारण,
- नवप्रवर्तनमा आधारित स्थानीय विकास
- पूर्वाधार विकास
- ग्रामिण विद्युतीकरण
- पर्यटन क्षेत्रको पुनरुत्थान
- वातारण संरक्षण, विपद् व्यवस्थापन तथा जलवायु परिवर्तनका जोखिम न्यूनीकरण
- प्रभावकारी सार्वजनिक सेवा र सुशासन प्रवर्द्धन
- दिगो विकास

३. गाउँपालिकाले बहन गरेको सामाजिक जिम्मेवारी

| क्र.सं. | सामाजिक जिम्मेवारीको क्षेत्र | ईकाई | ०७८/०७९ को अवस्था | ०७९/०८० को अवस्था |
|---|---|---|---|---|
| स्वास्थ्य | | | | |
| १ | पैदल हिंडेर वा सार्वजनिक यातायात चढेर एक घण्टा भित्र स्वास्थ्य चौकी पुग्न सक्ने घरधुरी | संख्या | ३८५० | ४१०० |
| २ | वर्षको २ पटक भिटामिन ए क्याप्सुल खुवाइएका ६ महिनादेखि ५ वर्षमुनिका बालबालिका | प्रतिशत | १२४ | ९४ |
| ३ | पूर्ण खोप लगाउने एक बर्ष मुनीका बालबालिका | प्रतिशत | ९९ | ९७ |
| ४ | प्रसूति पूर्व ४ पटक गर्भ जाँच गराउने महिलाहरू | प्रतिशत | ७६ | ६४ |
| ५ | प्रसूति पश्चात आमा र नवजात शिशुको कम्तिमा ३ पटक स्वास्थ्य जाँच गराउने महिला | प्रतिशत | ५७ | ६० |
| ६ | दक्ष स्वास्थ्यकर्मीबाट प्रसुती गराउने महिला | प्रतिशत | ८६ | ९० |
| ७ | आईरन चक्की तथा गर्भवती खाएका (वटा २२५ जम्मा) महिला सुत्केरी | प्रतिशत | ७६ | ६४ |
| ८ | स्थानीय स्वास्थ्य संस्था सेवा बाट (चौकी स्वास्थ्य) घरपरिवार लिने | संख्या | ४३०० | ४३५० |
| शिक्षा | | | | |
| १ | आधा घण्टा भित्र प्राथमिक विद्यालय पुग्ने बालबालिका | प्रतिशत | ९९ | १०० |
| २ | पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर | प्रतिशत | ७४.३ | ८० |
| ३ | प्राथमिक विद्यालयमा पहूँच नभएका सो उमेर समुहका बालबालिका | प्रतिशत | ० | ० |
| ४ | कक्षा १ मा खुद भर्नादर छात्र/छात्रा | प्रतिशत | ९६ | ९७ |

Najar Media Pvt. Ltd.

Scanned with CamScanner

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ५ | प्राथमिक तहमा कुल भर्ना दर | प्रतिशत | ९३.४ | ९५ |
| ६ | प्राथमिक तहमा उत्तीर्ण दर | प्रतिशत | ८७ | ९० |
| ७ | आधारभूत शिक्षा (कक्षा ८) प्राप्त गरेका बालबालिका संख्या | प्रतिशत | ९३.९ | ९४ |
| ८ | प्राथमिक तहमा तालिम प्राप्त शिक्षक | संख्या | ९८ | ९९ |
| ९ | स्थानीय तहबाट निर्मित विद्यालय कोठा | संख्या | १० | २४ |
| १० | बालमैत्री धारा भएका विद्यालय | संख्या | ४० | ४५ |
| ११ | छात्र भएका शौचालय अलग अलग लागि छात्राका-विद्यालय | संख्या | ३० | ३० |
| **खानेपानी तथा सरसफाई** | | | | |
| १ | सुलभ खानेपानी सुविधा पुगेको परिवार | प्रतिशत | २४ | २६ |
| २ | शौचालय प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ९९ | ९९ |
| ३ | खानेपानी सुविधा भएका विद्यालय (सामुदायिक/संस्थागत) | प्रतिशत | ९० | ९५ |
| ४ | शुलभ शौचालय भएका विद्यालय (सामुदायिक/संस्थागत) | संख्या | १६ | १७ |
| ५ | टोल, वस्तीमा भएका सार्वजनिक शौचालय | संख्या | ४ | ४ |
| ६ | आफ्नै घरमा धारा भएको परिवार संख्या | संख्या | २७५० | २९६५ |
| ७ | सार्वजनिक धारा प्रयोग गर्ने परिवार संख्या | संख्या | ६३० | ६५९ |
| **रोजगारीको अवस्था** | | | | |
| १ | कृषि तथा पशुपालन क्षेत्रमा स्वरोजगार भएका वा यस क्षेत्रवाट दिईएको रोजगारी | संख्या | ३७७ | १४७ |
| २ | लघु तथा घरेलु उद्यम | संख्या | ९० | ९० |
| ३ | लघु, घरेलु उद्यममा संलग्न महिला, दलित, विपन्न | संख्या | ७५ म. .पु १५ | ८० म.पु २. |
| ४ | न्यूनतम् १०० दिनको रोजगारीमा संलग्न श्रमिक | संख्या | ३७७ | १४६ |
| **पशु विकास** | | | | |
| १ | खोप सेवा | संख्या | १२२४७ | १२००० |
| २ | पशु उपचार सेवा | संख्या | ९७४३ | १०१७६ |
| ३ | घाँस विकास कार्यक्रम | संख्या | ३५० | ३६५ |
| ४ | कृत्रिम गर्भाधान कार्यक्रम | संख्या | १९ | ३५ |
| ५ | बाख्रा वितरण कार्यक्रम | संख्या | १६ | ३० |
| ६ | भैसी प्रवर्द्धन कार्यक्रम | संख्या | १६ | ० |
| **पूर्वाधार** | | | | |
| क : सडक | | | | |
| १ | कच्चि सडक | किमि. | ३२२.३४ | ३३२.३४ |
| २ | ग्रावेल सडक | कि.मि. | ४०.७ | ४०.७ |
| ३ | कालो पत्रे सडक | कि.मि. | ५० | ५० |

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ४ | केन्द्रमा सडक पुगेका वडासंख्या | संख्या | ६ वटै | ६ वटै |
| ख : भवन | | | | |
| १ | आफ्नै भवन भएका वडा | संख्या | ६ | ६ |
| २ | सामुदायिक भवन | संख्या | ४० | ४५ |
| ग : सिचाइ | | | | |
| १ | पोखरी | संख्या | १० | १० |
| २ | नहर | | ० | ० |
| ३ | पक्की कुलो | कि.मि | ४.५ | ५.५ |
| घ | भवन नक्सा पास | संख्या | ० | २ |
| ङ : विद्युतीकरण | | | | |
| १ | विद्युत पुगेको परिवार | प्रतिशत | ७५ | ८५ |
| २ | सौर्य बत्ति जडान भएको परिवार | प्रतिशत | १० | १० |
| ३ | उज्यालो नपुगेको परिवार | प्रतिशत | १५ | ५ |
| सुशासन | | | | |
| १ | गाउँपालिकाको कार्यालयमा नागरिक वडापत्र | | भएको | भएको |
| २ | सार्वजनिक सुनुवाई संख्या | संख्या | १ | १ |
| ३ | गुनसो सुनुवाईको व्यवस्था | | भएको | भएको |
| ४ | सूचना मागका लागि आएका निवदेनहरुको संख्या | संख्या | ४ | ८ |
| ५ | सार्वजनिक परीक्षणको व्यवस्था | | सबै योजनामा हुने गरेको | सबै योजनामा हुने गरेको |
| ६ | उपभोक्ता समितिलाई अनुशिक्षण | | भएको | भएको |
| ७ | योजनाको बारेमा जानकारी | | भएको | भएको |
| ८ | वडास्तरीय सार्वजनिक सुनुवाई | २ | | वडा नं. २ र ६ मा भएको |
| महिला तथा बालबालिका | | | | |
| १ | कमतौल, पुड्को र ख्याउटेपन भएका पाँच वर्ष मुनिका बालबालिका | प्रतिशत | ९ | ४ |
| २ | जन्म दर्ता भएका ५ वर्ष मुनिका बालबालिका | प्रतिशत | ४६ | ६३ |
| ३ | बाल बिवाह गर्ने बालबालिका | | कायम रहेको | कायम रहेको |
| ४ | बाल श्रमिक | संख्या | कायम रहेको | कायम रहेको |
| ५ | बाल क्लव तथा संजाल | संख्या | ५० | ५० |
| ६ | घरपरिवार र समुदायमा महिला र बालबालिका विरुद्ध भएका हिंसा वा दुर्व्यवहारका घटना | संख्या | 0 | १३ |
| ७ | समुदाय र सार्वजनिक स्थानमा दलित विरुद्ध भएका हिंसा वा दुव्यवहारका घटना | संख्या | 0 | 0 |

Nojar Media Pvt. Ltd.

Scanned with CamScanner

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

४. कृषि अनुदान सम्बन्धी बिवरण

| क्र स | कार्यक्रमको नाम | कृषि अनुदानको क्षेत्र | अनुदान |
|---|---|---|---|
| १ | तरकारी बाली उत्पादन पकेट केन्द्र सुन्तला जात फलफूल उत्पादन पकेट केन्द्र | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना | १६००००० |
| २ | कृषि जैविक विविधता संरक्षण कार्यक्रम | बाली विकास कार्यक्रम (रैथाने बाली प्रवर्द्धन कार्यक्रम/कृषि जैविक | १५००००० |
| | कूल जम्मा | | ३१००००० |

५. बालबालिका, महिला तथा समावेशी क्षेत्रको बर्तमान अवस्था

| बिषय क्षेत्र | मुख्य समस्या | गरिएका प्रयास | हालको अवस्था | अव के गर्नु पर्ला |
|---|---|---|---|---|
| महिला | आर्थिक विपन्नता, कार्यवोझ, बेरोजगारी, अशिक्षा र चेतनाको कमी | जनचेतनामुलक कार्यक्रम, अचार उद्योग सम्वन्धी तालिम, हाते होजियारी सम्बन्धी तालिम, खेलौना कुसन र चुरा बनाउने तालिम, बाखा वितरण, मुर्रा भैसी पकेट क्षेत्र, तरकारी पकेट क्षेत्र निर्धारण क्षमता अभिवृद्धि तालिम र विउविजन वितरण, ब्युटिपार्लर तालिम | आय आर्जनमा सुधार, जनचेतनामा अभिवृद्धि, निर्णायक तहमा महिलाको सहभागिता, न्यायमा पहुच भएको । | थप रोजगारी सृजना हुने कार्यक्रम गर्ने । थप आय आर्जन सृजना हने कार्यक्रम गर्ने । |
| बालबालिका | बालबिवाह, आमाबुवा विहिनता | बालविवाह हटाउनका लागि विद्यालय तथा समुदाय स्तरमा अभिमुखीकरण गरिएको, आर्थिक सहयोग गरिएको, स्टेशनरी वितरण | बालविवाह रोक्न प्रयास गर्दा गर्दै पनि न्युनिकरण हुन नसकेको, विद्यालय निरन्तर जाने भएको | कार्यक्रम निरन्तरता दिने |
| अपाङ्गता | आयआर्जनमा समस्या, हेरचाहमा समस्या | परिचयपत्र वितरण बाखा पालन तालिम | आर्थिक अवस्थामा सुधार भएको | थप कार्यक्रम गर्नुपर्ने । |
| जेष्ठ | हेरचाह स्वास्थ्य | सम्मान गरिएको क्षमता | चेतना अभिवृद्धि | निरन्तरता दिने |

Nalar Media Pvt. Ltd.

Scanned with CamScanner

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| नागरिक | | अभिवृद्धि सम्बन्धि कार्यक्रम गरिएको | भएको | |
| दलित | आर्थिक बिपन्नता | उद्यम विकास आधुनिक सामाग्री र तालिम दिईएको | सुधारमुख | निरन्तरता |

६. गाउँपालिकाको वित्तीय अवस्था

| सूचना | २०७९/०७९ | २०७९/०८० | उपलब्धी % |
|---|---|---|---|
| कुल आन्तरिक आम्दानी | २६१८९९०८.३१ | ३३३८०९७६.५५ | २७.४६ |
| कुल बाह्य आम्दानी | ५११६२३४८७.९७ | ५७२०९६३६९.७५ | ११.८२ |
| कुल खर्च | ४९१४७३६०३.३४ | ५४६७१४१३७.७५ | ११.२४ |
| पूँजीगत खर्च | १५०९९६८०७ | १८१७५७५९९.३२ | २०.३७ |
| संचालन खर्च | ३४०४७६७९६.३४ | ३६४९५६२३५.४३ | ७.१९ |
| फ्रिज भएको रकम | १६५३८६२१.४० | २७६०११३७.५८ | ६६.८९ |
| बेरुजूको अवस्था | ८७५५३००० | | |

७. सामाजिक सुरक्षा कार्यक्रम

क) सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरुको संख्या

| आ.व | ज्येष्ठ नागरिक अन्य | ज्येष्ठ नागरिक दलित | ज्येष्ठ नागरिक एकल महिला | विधवा आर्थिक सहायता | अपाङ्गता | | क्षेत्र तोकिएको बालबालिका | दलित बालबालिका |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | क वर्ग | ख वर्ग | | |
| २०७८/०७९ | ९१६ | १०४ | १४५ | २२४ | ३२ | ७७ | १४६० | ३२५ |
| २०७९/०८० | १०६४ | १२० | १५१ | २३९ | ३५ | ८८ | १३६८ | ३०६ |

ख) व्यक्तिगत घटना दर्ता

| वर्ष | जन्म | | मृत्यु | | बिबाह | सम्बन्ध विच्छेद |
|---|---|---|---|---|---|---|
| | बालिका | बालक | महिला | पुरुष | | |
| २०७८/०७९ | ४६७ | ५५० | ४६ | ९९ | २०१ | ० |
| २०७९/०८० | ३३१ | ३८१ | ४७ | ६२ | १९४ | ० |

ग) अपाङ्गता भएका व्यक्तिहरुको विवरण

| अपाङ्गता वर्ग | संख्या | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| क | ५ | १० | १५ |
| ख | २१ | २५ | ४६ |
| ग | १५ | २७ | ४२ |
| घ | २८ | ३७ | ६५ |
| जम्मा | | | १६८ |

Nagar Media Pvt. Ltd.

Scanned with CamScanner

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| नागरिक | | अभिवृद्धि सम्बन्धि कार्यक्रम गरिएको | भएको | |
| दलित | आर्थिक विपन्नता | उद्यम विकास आधुनिक सामाग्री र तालिम दिईएको | सुधारमुख | निरन्तरता |

६. गाउँपालिकाको वित्तीय अवस्था

| सूचना | २०७९/०७९ | २०७९/०८० | उपलब्धी % |
|---|---|---|---|
| कुल आन्तरिक आम्दानी | २६१८९९०८.३१ | ३३३८०९७६.५५ | २७.४६ |
| कुल बाह्य आम्दानी | ५११६२३४८७.९७ | ५७२०९६३६९.७५ | ११.८२ |
| कुल खर्च | ४९१४७३६०३.३४ | ५४६७१४१३७.७५ | ११.२४ |
| पूँजीगत खर्च | १५०९९६८०७ | १८१७५७५९९.३२ | २०.३७ |
| संचालन खर्च | ३४०४७६७९६.३४ | ३६४९५६२३५.४३ | ७.१९ |
| फ्रिज भएको रकम | १६५३८६२१.४० | २७६०११३७.५८ | ६६.८९ |
| वेरुजूको अवस्था | ८७५५३००० | | |

७. सामाजिक सुरक्षा कार्यक्रम

क) सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरुको संख्या

| आ.व | ज्येष्ठ नागरिक अन्य | ज्येष्ठ नागरिक दलित | ज्येष्ठ नागरिक एकल महिला | विधवा आर्थिक सहायता | अपाङ्गता | | क्षेत्र तोकिएको बालबालिका | दलित बालबालिका |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | क वर्ग | ख वर्ग | | |
| २०७८/०७९ | ९१६ | १०४ | १४५ | २२४ | ३२ | ७७ | १४६० | ३२५ |
| २०७९/०८० | १०६४ | १२० | १५१ | २३९ | ३५ | ८८ | १३६८ | ३०६ |

ख) व्यक्तिगत घटना दर्ता

| वर्ष | जन्म | | मृत्यु | | विबाह | सम्बन्ध विच्छेद |
|---|---|---|---|---|---|---|
| | बालिका | बालक | महिला | पुरूष | | |
| २०७८/०७९ | ४६७ | ५५० | ४६ | ९९ | २०१ | ० |
| २०७९/०८० | ३३१ | ३८१ | ४७ | ६२ | १९४ | ० |

ग) अपाङ्गता भएका व्यक्तिहरुको बिवरण

| अपाङ्गता वर्ग | संख्या | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| क | ५ | १० | १५ |
| ख | २१ | २५ | ४६ |
| ग | १५ | २७ | ४२ |
| घ | २८ | ३७ | ६५ |
| जम्मा | | | १६८ |

Najar Media Pvt. Ltd.

Scanned with CamScanner

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

८. न्याय सम्पादन

क) विवाद दर्ता र किनाराको अवस्था

| लगत | | किनारा | | बाँकी |
|---|---|---|---|---|
| २०७८/०७९ | २०७९/०८० | २०७८/०७९ | २०७९/०८० | |
| २१ | १३ | २१ | १३ | |

ख) मुद्दाहरुको प्रकृति

- पति-पत्नी बिचको सम्बन्ध विच्छेद ।
- ज्याल मजदुरी नदिएको ।
- गाली बेईज्जती ।
- आलीधुर, साँध सिमाना ।
- लेनदेन ।
- कुटपिट ।
- घरेलु/महिला हिंशा ।
- खानेपानी मुहान ।

९. गाउँपालिकाको संस्थागत क्षमताको लेखाजोखा

| क्र.स. | विवरण | अवस्था | सुझावहरु |
|---|---|---|---|
| १. | मानव संसाधन | • गाउँपालिकामा कार्यालयतर्फ र स्वास्थ्यतर्फ गरी १०४ जनाको दरवन्दी रहेको पाईयो । जसमा पालिका र वडातर्फ ५१ जना, स्वास्थ्यतर्फ ३६ जना र नेपाल सरकारबाट स्वीकृत करार दरवन्दी १७ जना रहेको पाईयो ।<br>• १०४ जनामा ८४ जना मात्रै कार्यरत देखिएका छन् । २० दरवन्दी खाली देखिन्छ ।<br>• पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १० जना अधिकृतको दरवन्दी रहेमा हाल स्थायी ४ र करार १ गरी पाँच जना मात्रै कार्यरत छन् ।<br>• पालिका/वडातर्फ पाँचौ तहका २१ जना कार्यरत हुनु पर्नेमा ८ जना मात्रै कार्यरत देखिएका छन् । चौथो तहका १५ मा स्थानीय १० र करार ३ जना कार्यरत छन् ।<br>• स्वास्थ्यतर्फ भने स्वीकृति दरवन्दी अनुसार ३६ जनानै कार्यरत रहेका छन् तर मेडिकल अधिकृत, हेल्थ असिष्टेण्ट | • रिक्त दरवन्दीहरु पदपुर्ति गर्नका लागि प्रदेश लोकसेवा आयोगलाई पत्राचार गर्नु पर्ने देखिन्छ ।<br>• कर्मचारीहरुले सेवाग्राहीहरुसंग राम्रो व्यवहार गर्नु पर्ने देखिन्छ ।<br>• कर्मचारीहरुसंग कार्यसम्पादन सम्झौता गर्नु पर्ने देखिन्छ ।<br>• कर्मचारीहरुको कार्यसम्पादनको अवस्थावारे जनप्रतिनिधिहरुबाट प्रभावकारी अनुगमन गर्नु पर्ने देखिन्छ ।<br>• गाउँपालिकालाई आवश्यक पर्ने जनशक्तिको विश्लेषण |

Major Media Pvt. Ltd.

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | | र स्टाफ नर्स सहित ६ जना करारमा रहेका छन् ।<br>• नेपाल सरकारबाट स्वीकृत करार १७ दरवन्दीमध्ये एक अधिकृत रिक्त रहेको देखिन्छ ।<br>• गाउँपालिकाले आन्तरिक श्रोतबाट एक अधिकृत सहित ७१ कर्मचारी करार सेवामा राखेको पाईयो ।<br>• लेखा अधिकृत र लेखापाल दुवै दरवन्दी रिक्त रहेको देखियो । हाल आन्तरिक लेखा परीक्षकले काम गरिरहेको देखिन्छ, जुन सुशासनको दृष्टिले राम्रो मानिदैन ।<br>• यस्तै महत्वपूर्ण सेवा मानिने कृषि अधिकृत र पशु विकास अधिकृत पनि रिक्त रहेको देखिन्छ । | गरि सोही मात्रामा मात्रै कर्मचारी राख्नु पर्ने देखिन्छ ।<br>• कर्मचारीको क्षमता विकासको योजना बनाउनु पर्ने देखिन्छ । |
| २. | भौतिक सम्पत्ति | • गाउँकार्यपालिका र वडा कार्यालयका समेत गरी ११ भवन रहेका गाउँपालिकाको सम्पत्ति विवरणले देखाउँछ ।<br>• गाउँपालिकासंग २ एम्बुलेन्स रहेको देखिन्छ ।<br>• यस्तै एक जीप, मोटरसाइकल २२, स्कुटर १, डेक्सटप कम्प्युटर ३३, ल्यावटप ५८, प्रिण्टर ५८, प्रोजेक्टर ४ लगायत अन्य आवश्यक कार्यालय सामग्रीहरुलाई व्यवस्थित अभिलेख गरिएको देखिन्छ । | • ११ मध्ये ८ भवन जीर्ण भएका भौतिक विवरणले देखाउँछ । यि भवनहरुका आवश्यकता अनुसार पुन: निर्माण, मर्मत गर्नु पर्ने देखिन्छ ।<br>• गाउँपालिकाले आफ्नो नाममा रहेको जमिन ( वडाको समेत) अभिलेख राख्नु पर्ने देखिन्छ ।<br>• गाउँपालिकाका यातायातका साधनहरुको परिचालन र मर्मत सम्भार सम्वन्धी कानूनी व्यवस्था गर्नुपर्ने देखिन्छ ।<br>• तत्कालका लागि गाउँपालिकाले दमकल ल्याउनु पर्ने देखिन्छ ।<br>• गाउँपालिकाले फोहर व्यवस्थापनका लागि ठोस् योजना बनाउनु पर्ने देखिन्छ । |
| ३ | वार्षिक नीति तथा योजना | • गाउँपालिकाले वार्षिक नीति तथा योजना र बजेट समयमै सभाबाट | • वार्षिक नीति गता कार्यक्रम कानून अनुसार |

Najar Media Pvt. Ltd.

Scanned with CamScanner

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | | स्वीकृत गरेको छ । | समयमै ल्याउनु पर्ने देखिन्छ ।<br>• वार्षिक नीति तथा कार्यक्रम वनाउँदा नयाँपन देखिने खालका योजनाहरु वनाउनु पर्ने देखिन्छ ।<br>• जनतालाई उत्पादनसंग जोड्ने र रोजगारी सिर्जना हुने योजनाहरु तर्जुमा गर्नुपर्ने देखिन्छ । |
| ४ | आर्थिक स्रोत | नेपाल सरकारको अनुदान<br>सुदूरपश्चिम प्रदेश सरकारको अनुदान<br>बिभिन्न दातृ निकायहरुको अनुदान<br>आन्तरिकश्रोतहरु :<br>• संघीय सरकार समानिकरण अनुदान<br>• संघीय स रकार राजस्व बाँडफाड<br>• संघीय सरकार समपुरक अनुदान<br>• संघीय सरकार विशेष अनुदान<br>• प्रदेश सरकार समानिकरण अनुदान<br>• प्रदेश सरकार राजस्व बाँडफाड<br>• प्रदेश सरकार समपुरक अनुदान<br>• प्रदेश सरकार विशेष अनुदान<br>• आन्तरिक आम्दानी/राजस्व | • गाउँपालिकाले आन्तरिक आयमा बृद्धि हुने खालका योजनाहरुलाई ध्यान दिनु पर्ने देखिन्छ ।<br>• आन्तरिक आम्दानीलाई योजना तर्जुमा प्रक्रियावाट प्राथमिकतामा परी आएका योजनाहरुमा छनौट गर्नु पर्ने देखिन्छ । |

## १०. गाउँपालिका मातहत कार्यरत कर्मचारीहरुको विवरण

| क्र.सं. | पद | तह | दरबन्दी | पदपूर्ति | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | स्थायी | करार | |
| गाउँपालिका/विषयगत शाखा/वडा कार्यालय तर्फ) स्वीकृत दरबन्दी – | | | | | | |
| १ | प्रमुख प्रशासकीय अधिकृत | रा.प .तृतीय | १ | १ | | |
| २ | अधिकृत) प्रशासन | छैठौं/सातौं | २ | १ | | |
| ३ | अधिकृत) लेखा | छैठौं/सातौं | १ | ० | | |
| ४ | अधिकृत) शिक्षा | छैठौं/सातौं | १ | १ | | |
| ५ | ईन्जिनियर | छैठौं/सातौं | १ | ० | १ | |
| ६ | कृषि अधिकृत | छैठौं/सातौं | १ | ० | | |

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | पशु विकास अधिकृत | छैठौं/सातौं | १ | ० | | |
| ८ | जनस्वास्थ्य निरीक्षक/ सि.अ.हे.व .अधिकृत | छैठौं | १ | १ | | |
| ९ | स्टाफ नर्स/ सि.अ.न.मि .अधिकृत | छैठौं | १ | १ | | |
| १० | सहायक) प्रशासन | पाँचौं | ८ | २ | | |
| ११ | लेखापाल | पाँचौं | १ | ० | | |
| १२ | आलेप सहायक | पाँचौं | १ | १ | | |
| १३ | प्राविधिक सहायक) शिक्षा | पाँचौं | १ | १ | | |
| १४ | कम्युटर अपरेटर | पाँचौं | १ | १ | | |
| १५ | सव ईन्जिनियर) सिभिल | पाँचौं | ३ | २ | | |
| १६ | सव ईन्जिनियर) आर्किटेक्ट | पाँचौं | १ | ० | | |
| १७ | पशु स्वास्थ्य प्राविधिक | पाँचौं | १ | १ | | |
| १८ | पशु सेवा प्राविधिक | पाँचौं | १ | ० | | |
| १९ | प्राविधिक सहायक) कृषि( | पाँचौं | ३ | ० | | |
| २० | कविराज | पाँचौं | १ | ० | | |
| २१ | सहायक) प्रशासन( | चौथो | ४ | ३ | | |
| २२ | अ.सव.ईन्जिनियर | चौथो | ५ | ३ | १ | |
| २३ | नायव प्राविधिक सहायक | चौथो | १ | ० | १ | |
| २४ | नायव पशु स्वास्थ्य प्राविधिक | चौथो | १ | १ | | |
| २५ | नायव पशु सेवा प्राविधिक | चौथो | १ | ० | १ | |
| २६ | खा.पा.स.टे. | चौथो | १ | १ | | |
| २७ | स.म.वि.नि. | चौथो | १ | १ | | |
| २८ | वैद्य | चौथो | १ | १ | | |
| २९ | कार्यालय सहयोगी | तहविहिन | ५ | ५ | | |
| जम्मा | | | ५१ | २८ | ४ | |
| स्वास्थ्य तर्फ स्वीकृत दरबन्दी | | | | | | |
| १ | मेडिकल अधिकृत | आठौं | १ | ० | १ | |
| २ | हेल्थ असिस्टेन्ट | पाँचौं | १ | २ | ५ | |

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | स्टाफ नर्स | पाँचौं | १ | ० | | |
| ४ | अ.हे.व. | चौथो | १३ | १३ | | |
| ५ | अ.न.मि. | चौथो | १३ | १३ | | |
| ६ | ल्याब असिस्टेन्ट | चौथो | १ | १ | | |
| ७ | कार्यालय सहयोगी | तहविहिन | १ | १ | | |
| जम्मा | | | १३ | ३० | ६ | |
| नेपाल सरकारबाट प्राप्त स्वीकृत करार तर्फ | | | | | | |
| १ | सूचना प्रविधि अधिकृत | छैठौं | १ | | १ | |
| २ | कृषि स्नातक | छैठौं | १ | | १ | |
| ३ | रोजगार संयोजक | छैठौं | १ | | ० | |
| ४ | रोजगार सहायक | पाँचौं | १ | | १ | |
| ५ | प्राविधिक सहायक | पाँचौं | १ | | १ | |
| ६ | MISअपरेटर | पाँचौं | १ | | १ | |
| ७ | नायब प्राविधिक सहायक | चौथो | १ | | १ | |
| ८ | नायब पशु स्वास्थ्य प्राविधिक | चौथो | २ | | २ | |
| ९ | पोषण सहजकर्ता | चौथो | १ | | १ | |
| १० | उद्यम विकास सहजकर्ता | चौथो | २ | | २ | |
| ११ | फिल्ड सहायक | चौथो | २ | | २ | |
| १२ | अ.न.मी. | चौथो | ३ | | ३ | |
| जम्मा | | | १७ | | १६ | |

पालिकाबाट थप करार तर्फ

| क्र.सं. | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|
| 1 | कानूनी सल्लाहकार | छैठौं | १ | |
| 2 | खेलकुद प्रशिक्षक | पाँचौं | १ | |
| 3 | अमिन | चौथो | १ | |
| 4 | अ.सव .ईन्जिनियर | चौथो | १ | |
| 5 | नायब प्राविधिक सहायक | चौथो | १ | |
| 6 | ल्याब असिस्टेन्ट | चौथो | ६ | |
| 7 | अ.हे.व. | चौथो | १० | |
| 8 | अ.न.मि. | चौथो | १४ | |

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| 9 | सामाजिक परिचालक | तहविहिन | २ | |
| 10 | हलुका सवारी चालक | तहविहिन | १ | |
| 11 | एम्बुलेन्स चालक | तहविहिन | २ | |
| 12 | कार्यालय सहयोगी | तहविहिन | ७ | पालिका र वडा |
| 13 | कार्यालय सहयोगी | तहविहिन | ९ | स्वास्थ्य संस्था |
| 14 | स्वीपर | तहविहिन | १३ | |
| 15 | सामाजिक परिचालक | तहविहिन | १ | ज्यालादारी |
| 16 | स्वीपर | तहविहिन | १ | ज्यालादारी |
| जम्मा | | | ७१ | |

१०.आर्थिक वर्ष २०७९/०८० का केही मुख्य नीतिहरु र कार्यान्वयनको अवस्था

| क.स | नीति तथा कार्यक्रम | कार्यान्वयनको अवस्था | |
|---|---|---|---|
| | | भएको | नभएको |
| १. | समुदायमा आधारित वालविकास केन्द्रहरुलाई आवश्यकता र औचित्यताका आधारमा विद्यालयमा समायोजन गर्ने र गाउँपालिकाबाट खोलिएका समुदायमा आधारित बालविकास केन्द्रहरुलाई विद्यार्थी संख्या र भौगोलिक दुरीका आधारमा थपघट गरिनेछ। | भएको | |
| २. | सुरक्षित खानेपानी सेवाको सुनिश्चित गर्न खानेपानी, सरसफाई तथा स्वच्छता योजनाको प्राथमिकतामा रहेका खानेपानी आयोजनाहरुमा खानेपानी सुरक्षा योजना लागू गरी "एक घर एक धारा" को अवधारणा अनुसार सुरक्षित खानेपानी युक्त समुदाय विकास तथा घोषणा गर्ने साथै समुदायहरुलाई पूर्ण सरसफाईमा नमूनाका रुपमा पनि विकास गरिनेछ। | कार्यान्वयनको चरणमा रहेको | |
| ३. | बजारमा हाल बढिरहेको दुध तथा दुग्धजन्य पदार्थको बढ्दो मागलाई ध्यानमा राखी दुध उत्पादन बढाई दुधमा आत्मनिर्भर हुन भैसीपालन फार्महरुलाई गोठ सुधार अनुदान वितरण गर्ने कार्यक्रम संचालन गरिनेछ। | भएको | |
| ४. | "आफूलाई चाहिने विउ आफै उत्पादन गरौं भन्ने नाराका साथ खाद्यान्न वालीहरुमा आत्मनिर्भर हुनको लागि धान, मकै, गहुँ, कोदो, जौं, प्रमुख खाद्यान्न बाली एवं दलहन र तरकारी बालीको बिउँबिजन उत्पादन प्रभोटन र बजारिकरण गरिनेछ। | भएको | |
| ५ | "स्थानिय सरकार कृषकको अभिभावक "भन्ने नाराका साथ कृषि उपज वस्तुहरुको उत्पादन लागत तथा जोखिम घटाउन यस जोरायल गाउँपालिका भरि रहेका कृषकहरुलाई महिला मैत्री कृषि यान्त्रिकरण उन्नत विउ बिजनका साथै नविनतम प्रविधी हस्तान्त्रण गरिनेछ। | भएको | |

Najar Media Pvt. Ltd.

Scanned with CamScanner

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| ६. | सेवाग्राहीले योजना सम्पन्न गरेको चेक बुझ्न जाँदा निकै सास्ती खेप्नुपर्ने अवस्थालाई कम गर्न विद्युतीय भुक्तानी कारोबार (EFT) प्रणाली आर्थिक वर्ष २०७९/०८० देखी यो सेवा पूर्ण रुपमा संचालन हुनेछ । | भएको | |
| ७ | योजनाहरुको प्राविधिक लागत इष्टिमेट स्थानीय उपभोक्ताहरुले बुझ्ने गरी नेपाली भाषामा तयार गर्ने गरी कार्यान्वयनमा ल्याइनेछ । | भएको | |
| ८. | रोजगारी सिर्जन हुने र मेशिनरी औजार प्रयोग नहुने आयोजना सञ्चालन उपभोक्ता समितिबाट सञ्चालन गरिनेछ। | भएको | |
| ९ | गाउँपालिकाको रोजगार सेवा केन्द्र मार्फत गाउँपालिकाभित्र रहेका बेरोजगार व्यक्तिको तथ्याङ्क संकलन तथा विश्लेषण गरी बेरोजगारको सूची अद्यावधिक गरी बेरोजगार व्यक्तिहरुलाई परिचयपत्र वितरण गरिनेछ । | | नभएको |
| १०. | गाउँपालिकाले सञ्चालन गरेका अधुरा योजनालाई प्राथमिकतामा राखि कार्यान्वयनमा ल्याइनेछ । योजना सार्ने प्रवृत्तिमा पूर्ण रुपमा नियन्त्रण गरिनेछ । | भएको | |
| ११ | सामुदायिक वन क्षेत्र भित्रको भुभागलाई सम्भाव्यता अध्ययन गरी जडीबुटी खेतीको नीति लिईनेछ । | | नभएको |
| १२. | छाडा पशु चौपायाहरुको व्यवस्थापन गर्नका लागि गौशाला निर्माण गर्ने नीति लिईनेछ । | | नभएको |
| १३. | संचारको सुविधा नपुगेका स्थानहरुमा संचार सुविधा पुर्याउन आवश्यक पहल गरिनेछ । | | प्रयास भईरहेको |
| १४. | जोरायल गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका सबै घर, सबै टोल र गाउँगाउँमा बिजुली बत्ती पुर्याई उज्यालो गाउँपालिका बजाउने नीति लिईनेछ । | | प्रयास भईरहेको |
| १५. | सामाजिक समावेशी नीति अनुरुप दलित, आदिवासी, जनजाति, पिछडावर्गको सशक्तीकरण र उत्थानका कार्यक्रम सञ्चालन गरिनेछ । | भएको | |
| १६. | एकल महिला, विधवा तथा विधुर, शारीरिक र मानसिक रुपमा अशक्त, असहाय, आफ्नो परिवार र संरक्षण नभएका जेष्ठ नागरिकका लागि आवश्यक औषधोपचार र संरक्षणको व्यवस्था गरिनेछ । | भएको | |
| १७ | विवादको समाधान वडास्तरमा गर्न मेलमिलाप शिविर सञ्चालन गर्ने । | | नभएको |
| १८ | स्वास्थ्य सेवा प्रदायक सार्वजनिक, निजि र सामुदायिक संस्थाहरुसँग सहकार्य गरि आमा तथा नवजात शिशुको स्वास्थ्य सुरक्षा सुनिश्चित गरिनेछ । | भएको | |
| १९ | घुम्ती स्वास्थ्य सेवा, निःशुल्क गर्भवती जाँच सेवा, प्रसुति सेवा, खोप सेवामार्फत स्वास्थ्य सेवामा आम नागरिकको पहुँच स्थापित गरिनेछ । | भएको | |

Najar Media Pvt. Ltd.

Scanned with CamScanner

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | डिप्रेशन हुन सक्ने विद्यार्थी, एकल, गर्भवती महिला, ज्येष्ठ नागरिक अपांग भएका व्यक्तिहरुलाई आवश्यक मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिईनेछ । | | |
| २० | यसै शैक्षिक सत्रदेखी आधारभुत तह कक्षा १-८ सम्म स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ । | भएको | |
| २१ | शिक्षाको गुणस्तर अभिवृद्धी लागि प्रधानाध्यापक र शिक्षकको पेसागत क्षमता विकासका लागि तालिम कार्यक्रम संचालन गरिनेछ । | भएको | |

११. गाउँपालिकामा कार्यरत गैरसरकारी संस्थाहरु (२०७९/०८०)

| क्र.सं. | संस्थाको नाम | परियोजनाको नाम | सहयोगी संस्था | कार्यक्षेत्र | मुख्य विषय | लक्षित समुदाय |
|---|---|---|---|---|---|---|
| १ | आस्था नेपाल | उन्नत चुलो वजारीकरण | प्राक्टिकल एक्सन | ६ नं . वडा | वातावरण संरक्षण | विपन्न समुदाय |
| २ | वाक नेपाल | HIV, TV | Save The Children | गा.पा . भरी | HIV TV नया संक्रमित खोज्ने | बिदेश जाने व्यक्ति र परिवार |
| ३ | सि.डी.एफ . नेपाल | बाल संरक्षण | K.N. H जर्मन | गा.पा . भरी | बाल संरक्षण | लक्षित बालबालिका |
| ४ | लिवर्ड | ग्रेप FA3 | GIZ | १, ३ र ४नं . वडा | प्रविधि विस्तार | पिछडिएको क्षेत्र |
| ५ | लिवर्ड | ग्रेप FA2 | GIZ | २ नं . वडा | अनुसन्धान | कृषकहरु |
| ६ | GIZ | FA1 | ई.यु . जर्मन | ६ नं . वडा | स्वच्छ खानेपानी | गावर टोलका जनसमुदाय |
| ७ | लिवर्ड | सक्षम | FLEM फेल्म | गा.पा . भरी | घर बगैचा | महिला पिछडिएको वर्ग |
| ८ | UNICEF | बाल संरक्षण | | गा.पा . भरी | बालविवाह , बाल संरक्षण | बालबालिका |
| ९ | UNICEF | सामाजिक नीति तथा सुरक्षा | EU | गा.पा . भरी | सामाजिक नीति तथा सुरक्षा सम्बन्धि कार्यक्रम | बालबालिका , जेष्ठ नागरिक |
| १० | केएफडब्ल्यु | | | | | |
| ११ | रिड | | | | | |

Najar Media Pvt Ltd

Scanned with CamScanner
CamScanner

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

१२. वहिर्गमन मत (Exit poll) को नतिजा

| | | | | |
|---|---|---|---|---|
| वहिर्गमन मतमा सहभागि भएका जम्मा संख्या (३० जना (महिला १२, पुरुष १८) | | | | |
| सेवाको प्रकार अनुसारको संख्या<br>– सिफारिस लिन ११ जना – दर्ता नविकरण ५ जना, – योजनाको मुल्याङ्कन ८ जना<br>– भुक्तानी लिन ३ जना, – सूचना लिन ३ जना | | | | |
| क.स | सोधिएको प्रश्न | सहभागिबाट आएको उत्तर | | |
| | | राम्रो | ठिकै | नराम्रो |
| १. | सेवा लिनका लागि को संग सम्पर्क राख्नु पर्छ भन्नेमा तपाईलाई स्पष्ट जानकारी छ ? | १२ | ७ | ३ |
| २. | सेवा प्रदायक कर्मचारीले तपाई आवश्यकता र अपेक्षा कति बुझे जस्तो लाग्यो ? | २३ | ६ | १ |
| ३. | तपाईप्रति सेवा प्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ? | २२ | ५ | ३ |
| ४ | सेवा प्राप्त गर्नका लागि चाहिने आवश्यक कागजातहरुको वारेमा तपाईलाई जानकारी छ ? | २२ | ६ | २ |
| ५. | सेवा प्राप्त गर्न अपनाईने प्रक्रिया तपाईलाई कस्तो लाग्यो ? | २५ | ४ | १ |
| ६. | तपाईले प्राप्त गरेको सेवाप्रति तपाई कत्तिको सन्तुष्ट हुनुहुन्छ ? | २६ | ३ | १ |

१३. यस वर्षका राम्रा अभ्यासहरु

- युवाहरुलाई उद्यमशिलता र व्यवसायिक बनाउनका लागि आर्थिक रुपमा विपन्न युवा, दलित, महिला छनौट गरी युवा प्रोत्साहन कार्यक्रम सञ्चालन गरेको ८ जना ।
- वादी समुदायलाई जग्गा लिजमा (भाडामा) लिई आय आर्जन मा सहयोग गरिएको।
- अडियो भिडियो (श्रव्य/दृश्य) सामग्री LED बाट स्वास्थ्य शिक्षा दिन प्रत्येक संस्थामा ४४/४५ ईन्चको LED वितरण गरिएको ।
- २०० माटोको नमूना संकलन गरि माटो परिक्षण गरि माटो परीक्षण प्रतिवेदन सम्वन्धित कृषकहरुलाई जानकारि गरिएको ।
- जोरायल गाउँपालिका वार्ड नं १ गैरा डोटीमा फिल्ड जिन वैङ्क स्थापनाको लागि भवन निर्माण भइ सञ्चालनमा आएको ।
- कृषि तथा पशपंक्षी विमा कार्यक्रम सञ्चालन गरिएको ।
- ४०० विपन्न तथा गरिब घरपरीवारलाई स्वच्छ खानेपानीका लागि फिल्टर वितरण गरिएको ।

१४. गाउँपालिकाका आ.व. ०७९/०८० का मुख्य मुख्य उपलब्धीहरु

- न्यायिक समितिमा आवश्यक पुस्तिकाको व्यवस्थापन भएको छ ।
- समयमै गुनासो व्यवस्थापन हुने गरेको छ ।
- विद्यालयहरुमा दरबन्दी मिलान तथा पुनर्वितरणको कार्य हुने गरेको छ ।
- पालिकासँग सम्वन्धित तथ्याङ्क नियमित रुपमा विद्युतिय माध्यमबाट अद्यावधिक हुने गरेको छ ।
- जोरायल गाउँपालिकाका ३ वटा वडामा ट्राउट माछाका भुरा विवरण गरिएको छ ।
- बर्थिङ सेन्टरमा आवश्यक सामग्री उपलब्ध गराएको छ ।

Naya Media Pvt. Ltd.

Scanned with CamScanner

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

- ६ वटै वडामा ध्यान सेवा सञ्चालन गरिएको छ ।
- सामुदायिक स्वास्थ्य स्वयमसेविकाहरुलाई ७९ वटा स्ट्रेचर वितरण गरिएको छ ।
- लघुउद्यम विकास कार्यक्रम अन्तरगत जोरायल गाउँपालिका वडा नं. ३, ४, ६ मा अचार उद्योग सम्वन्धी कार्यक्रममा ६५ जना महिलालाई सहभागी गराईएको छ ।
- वडा नं. ३ का १३ जना महिलाहरुलाई डल कुसन र चुरा बनाउने तालिम सञ्चालन गरिएको भएको छ ।

१५. गाउँपालिकाले भोगेका प्रमुख समस्याहरु :

- इन्टरनेट सेवा नियमित नहुँदा सेवा प्रवाहमा समस्या ।
- प्रशासन सेवा समुहमा कर्मचारीहरु दरबन्दी अनुसार पदपुर्ति नहुँदा सेवा प्रवाहमा समस्या ।
- समानीकरण अनुदान कटौती हुँदा निर्माण सम्पन्न भएको केही योजनाहरुको भुक्तानी दिन नसकिएको ।
- प्रस्तावित राजस्व बाँडफाडबाट प्राप्त हुने बजेट अनुमानित भन्दा कम प्राप्त हुने हुँदा चालु तथा पूजिगत खर्चमा व्यवस्थापन गर्न नसकिएको ।
- विद्यालयको भौतिक संरचनाको मर्मत र निर्माणको अभाव ।
- दरवन्दी अनुसार शिक्षकको अभाव हुनु ।

१६. गाउँपालिकाबासीहरुबाट आएका राम्रा कुराहरु :

- काम सजिलो गरी गरिदिने गरेको ।
- स्वास्थ्य क्षेत्रको राम्रो सुधार गरेको छ ।
- जनप्रतिनिधि सहयोगी भावनाका भएको ।
- दुर्गमका बस्तीहरुमा विकास हुन सुरु भएको ।
- विद्युत विस्तारका क्रममा रहेको ।
- सेवाग्राहीले नबुझे पनि राम्रोसंग सम्झाई बुझाई गरेर सहज रुपमा काम गरिदिने गरेको
- कर्मचारीको राम्रो व्यवहार भएको ।
- सेवाबारे स्पस्ट जानकारी दिने गरेको ।

१७. गाउँपालिका बासीहरुबाट आएका सुझावहरु :

- तरकारी तथा कृषिजन्य बस्तुको बजारिकरण गर्नुपर्ने ।
- खोजेको समयमा कार्यालयमा कर्मचारी भेटिनु पर्ने ।
- काम गर्नका लागी कर्मचारीले अतिरिक्त रुपैया माग्ने गरेका छन् ।
- बजेटमा राजनितीकरण गरि बाँड्ने गरेका छन् ।
- आफ्ना मान्छेलाई कर्मचारी भर्ना गर्ने गरेका छन् ।
- मदिरा बन्द ग नेका लागी पालिकाले आवश्यक कदम लिनुपर्ने ।

Nojor Media Pvt. Ltd.

Scanned with CamScanner

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

- बालबिवाह रोक्न ठोस कदम चाल्नुपर्ने ।
- सडकको स्तर उन्नती गरी बाह्रै महिना एम्बुलेन्स चल्न सक्ने सडक निमार्ण गर्नुपर्ने ।
- दुरदराजका नागरिकले पनि सेवाबारे जानकारी पाउने गरी जानकारी गर्नुपर्ने ।
- लेखा शाखामा आएर फाईल रोकिने गरेकाले यसको अन्त्य हुनुपर्ने ।
- नदी नियन्त्रणका लागी तटबन्ध निमार्ण गर्नु पर्ने ।
- अनुदान वितरण गर्दा वास्तविक किसान तथा गरिबहरुलाई छनौट गर्नु पर्ने ।

१८. गत वर्षको सामाजिक परीक्षणमा आएका सुझावहरु र कार्यान्वियनको अवस्था :

- गाउँपालिकाले नीति तथा कार्यक्रम र वजेट एकै साथ ल्याउने गरेको देखिएको छ । सैद्धान्तिक रुपमा नीति तथा कार्यक्रम पहिले सभाबाट स्वीकृत गराएपछि मात्र वजेटमाथी छलफल गराउन राम्रो हुन्छ । *(केही मात्रामा भएको)*
- नीति तथा कार्यक्रमले सामाजिक विकासलाई प्राथमिकतामा राखेको देखिन्छ तर वजेटले भौतिक पूर्वाधारलाई बढी केन्द्रित गरेको देखिन्छ । *(केही सुधार भएको)*
- केही कर्मचारीहरु कार्यालयमा र फाँटमा नवस्ने गरेको गुनासो आएको छ, त्यसैले गाउँपालिकाको आन्तरिक प्रशासन चुस्त वनाउनु पर्ने देखिन्छ । *(सुधार नभएको)*
- गाउँपालिकालाई आवश्यक पर्ने कर्मचारीको बिषय क्षेत्रगत संख्या पत्ता लगाउन जनशक्ति बिश्लेषण गर्नु पर्ने देखिन्छ । *(कार्यान्वियन भएको)*
- गाउँपालिकाले भौतिक पूर्वाधारमा राम्रो प्रगति गरेको देखिन्छ, तर वित्तीय अनुशासन र आन्तरिक सुशासनमा कमजोर देखिन्छ । यसलाई सुधार गर्नुपर्ने देखिन्छ । *(खासै सुधार नभएको)*
- गाउँपालिकाले विद्यालयका शिक्षक दरवन्दी मिलान गरेको कार्य राम्रो छ । अव विद्यालय नक्साङ्कन गरि विद्यालय गाभ्ने कार्य गर्नु पर्ने देखिन्छ । *(कार्यान्वियन भईरहेको)*
- सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, योजनाहरुको सार्वजनिक परीक्षण जस्ता शुसासनका कार्यक्रमहरु देखावटी मात्रै हुने गरेको र नीतिगत व्यवस्था अनुसार समयमै नहुने गुनासो आएको छ, यसलाई विश्वासिलो वनाउन जरुरी छ । *(कार्यान्वियन भईरहेको तर प्रभावकारी हुन नसकेको)*
- गाउँपालिकाले सञ्चालन गर्ने भौतिक पूर्वाधारहरुका कामले असार मसान्तमा भिडभाड वढी हुने गरेको देखिन्छ, यसले गर्दा उपभोक्ताहरुले भुक्तानीका लागि पटक पटक धाईरहनु परेको गुनासो गरेका छन् । यसका लागि गाउँपालिकाले कार्यक्रम कार्यान्वयन वार्षिक कार्य तालिका (Operation calander) बनाई लागु गर्नु पर्ने देखिन्छ । *(नभएको)*
- गाउँपालिकाले घर नक्सापासको कार्यलाई तत्काल लागु पर्ने पर्ने देखिन्छ । *(कार्यान्वयन भएको)*
- गाउँपालिकाको वेवसाईट नियमित अद्यावधिक हुने गरेको देखिदैन । गाउँपालिकाले सूचनाको हक सम्वन्धी ऐन, २०६४ अनुसार स्वतः सार्वजनिक गर्नु पर्ने सूचनाहरु सार्वजनिक गर्ने गरेको पाईएन । *(नभएको)*
- गाउँपालिकाले पालिकास्तरीय गौरवका योजना तय गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ । *(कार्यान्वयन भएको)*
- गाउँपालिकाले जमिनको वर्गीकरण नगरेका कारण धेरै व्यक्तिहरुले अंशवण्डा समेत गर्न नसकेको अवस्था देखिन छ । त्यसैले जमिनको वर्गीकरण छिटो गर्नुपर्ने देखिन्छ । *(भएको)*

Nojar Media Pvt. Ltd.

Scanned with CamScanner

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

- महिला जनप्रतिनिधिहरुको क्षमता विकासका लागि बिशेष कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ। *(नभएको)*
- गाउँपालिकाले अधुरा योजनाहरुलाइ प्राथमिकता दिनु पर्ने देखिन्छ। *(भएको)*
- पछिल्लो समयमा लागु औषधको दुर्व्यसनीमा लाग्ने किशोरहरुको संख्या बढ्न् थालेपछि अभिभावकहरु चिन्तित छन् । त्यसैले लागु औषध सम्वन्धी विद्यालयस्तरवाटै चेतनामूलक कार्यक्रम सञ्चालन गर्नु पर्ने देखिन्छ। *(भईरहेको)*
- नीति तथा कार्यक्रम स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्ने देखिन्छ। *(नभएको)*

१८. सामाजिक परीक्षकको टिप्पणी

- केही कर्मचारीहरु कार्यालयमा र फाँटमा नवस्ने गरेको गुनासो आएको छ, त्यसैले गाउँपालिकाको आन्तरिक प्रशासन चुस्त बनाउनुपर्ने देखिन्छ।
- गाउँपालिकाले पालिकाभित्र रहेका सबै योजनाको अनुगमनलाई प्रभावकारी बनाउनुपर्ने देखिन्छ। साथै अन्य सार्वजनिक निकायहरुको अनुगमनलाई पनि प्राथमिकता दिनु पर्ने देखिन्छ।
- सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, योजनाहरुको सार्वजनिक परीक्षण जस्ता शुसासनका कार्यक्रमहरु देखावटी मात्रै हुने गरेको र नीतिगत व्यवस्था अनुसार समयमै नहुने गुनासो आएको छ, यसलाई विश्वासिलो बनाउन जरुरी छ।
- गाउँपालिकाले सञ्चालन गर्ने योजनाहरुलाई उत्पादनसंग जोडेर रोजगारी सिर्जना गर्नेतिर ध्यान दिनुपर्ने देखिन्छ।
- गाउँपालिकाले कुनै पनि क्षेत्रमा लगानी लगाउँदा त्यसको सम्भाव्यता अध्ययन गर्नुपर्ने देखिन्छ।
- गाउँपालिकामा काम गरिरहेका गैरसरकारी संस्थाहरुसंगको समन्वयमा कमि देखिएको र समन्वय प्रभावकारी बनाउनका लागि गैसस समन्वय समिति र गैसस डेस्क स्थापना गर्नुपर्ने देखिन्छ।
- गाउँपालिकाले सूचना, तथ्यांक विवरणहरु व्यवस्थित अभिलेखिकरण गर्नुपर्ने र गाउँपालिकाको वेवसाइट अपडेट राख्नुपर्ने देखिन्छ।
- प्रचलित कानून अनुसार गाउँपालिकाले वर्षमा कम्तीमा तीन पटक सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था गरेको छ, तर यस गाउँपालिकाको सार्वजनिक सुनुवाई एक पटक मात्र हुने गरेको पाईएकोले आउँदा वर्षहरुमा तीन पटक सार्वजनिक सुनुवाई गर्ने व्यवस्था मिलाउनुपर्ने देखिन्छ।
- गाउँपालिकाका बिषयगत शाखाहरुले स्थिति पत्र सार्वजनिक गर्नुपर्ने व्यवस्था भएकोमा सो गरेको पाईएन। त्यसैले सवै शाखाहरुले स्थिति पत्र सार्वजनिक गर्नुपर्ने देखिन्छ।
- गाउँपालिकाले फोहर व्यवस्थापनका लागि ठोस् योजना बनाउनुपर्ने देखिन्छ।

सामाजिक परीक्षकहरु
१. रामहरि ओझा
२. झलक पाली
३. कर्णबहादुर चन्द
४. शिव बहादुर ओली

Najar Media Pvt. Ltd.

सहजीकरण गर्ने संस्था :
नजर मिडिया प्रा.लि. डोटी
मिति : २०८०/१२/१३ गते

Scanned with CamScanner